अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

आन्तरिक आयको बोलपत्र आह्वानको सूचना

(पहिलो पटक प्रकाशित मिति : २०८२/०२/११)

आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७५ अनुसार यस अर्जुनधारा नगरपालिकाले लगाउन सक्ने देहायको कर/शुल्क सम्बन्धी आन्तरिक आय ठेक्का आगामी आ.व. २०८२/०८३ को लागि बन्दोबस्ती गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनी वा संस्था लगायत सम्बन्धित सबैमा निम्न शर्तहरुको अधीनमा रही रितपूर्वक बोलपत्र आह्वानको लागि यो १५ दिने सूचना प्रकाशन गरिएको छ ।

क्र सं	ठेक्का नं	ठेक्काको शिर्षक	आ व २०८२/०८३ को लागि न्यूनतम अंक (भ्याट बाहेक)	बोलपत्र फारम दस्तुर
१	AM/IR/09/081/082	आइतबारे बजार पशु चौपाया बिक्री कर र साप्ताहिक हाट बजार कर भिटौरी सहित खुदुनाबारी	रु. ६८,००,०००/- (अक्षेरेपी अड्सठ्ठी लाख मात्र)	रु. ४,०००/-
२	AM/IR/10/081/082	बजार ठेक्का(खसी बाख्रा हाट, शनिश्चरे साप्ताहिक हाट बजार, केरा बजार, गोस हाट शनिश्चरे)	रु. ५,५५,०००/- (अक्षेरेपी पाँच लाख पचपन्न हजार मात्र)	रु. १,०००/-
३	AM/IR/11/081/082	विज्ञापन कर	रु. २,३५,००० (दुई लाख पैतीस हजार मात्र)	रु. १,०००/-

शर्तहरु:

१. फर्म, संस्था वा कम्पनीको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र बोलपत्र फारम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा एन आई सी एसिया बैंक शाखा कार्यालय, शनिश्चरेमा रहेको यस कार्यालयको राजश्व खाता नं.००९२०५०५११२५८०१२ मा नगद जम्मा गरेको नगद भौचर साथ मिति २०८२/०२/२६ गते दिनको १२ बजे भित्र विद्युतीय माध्यमबाट खरिद तथा दाखिला गर्न सकिनेछ । विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्ने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लिखित खाता नं. मा जम्मा गरेको भौचर बोलपत्र सम्बन्धी कागजातसाथ संलग्न गर्नु पर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

फोन नं : ०२३-५९७००२/०२३- ४६५५०२
इमेलः arjundharamun@gmail.com/ info@arjundharamu.gov.np
वेभसाइटः www.arjundharamun.gov.np

लोचन रिजाल
प्रशासकीय अधिकृत

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

२. बोलपत्र फारम भर्दा आफूले कबुल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

३. बोलपत्र फारममा उल्लिखित कबुल अंकको स्वदेशी नागरिक भए ५ प्रतिशत तथा विदेशी नागरिक भए १० प्रतिशत जमानत रकम यस कार्यालयको एन आइसी एसिया बैक लि. शनिश्चरे स्थित धरौटी खाता नं.००९२०५०५११२५८०१८ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड वण्ड साथ पेश गर्नु पर्नेछ ।

४. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

५. एक फर्म, संस्था वा कम्पनीको नामबाट खरिद गरिएको बोलपत्र अर्को फर्म,संस्था वा कम्पनीको नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएको बोलपत्र सम्बन्धी कागजातहरु मिति २०८२/०२/२६ गते दिनको २ बजे पछि कार्यालय तथा बोलपत्रदाताहरुको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी रित नपुगी वा शर्त सहित पेश हुन आएमा बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्वीकृत भइसकेपछि बोलपत्रदाताले एकमुष्ट ठेक्का रकम बुझाउन चाहेमा कुल ठेक्का अंक (मु अ क बाहेक) को १० प्रतिशत रकम छुट दिइनेछ। यदि ठेक्का रकम किस्ताबन्दीमा बुझाउन चाहेमा तीन किस्ता भित्रमा रकम बुझाइसक्नु पर्नेछ । सम्झौता गर्दा पहिलो किस्ता वापत ४०% रकम सम्झौता गरेकै समयमा अनिवार्य बुझाउनु पर्नेछ । बाँकी किस्ताको हकमा ३०% ले हुन आउने रकम कार्तिक मसान्तभित्र र बाँकी ३०% ले हुन आउने रकम २०८३ जेष्ठ मसान्तभित्र कार्यालयमा बुझाइसक्नु पर्नेछ ।

८. बोलपत्रदाताले कबुल गरेको रकम एकमुष्ठ नगदै यस कार्यालयमा जम्मा गरेमा कार्यसम्पादन जमानत (Performance Bond) आवश्यक पर्ने छैन र किस्ता बुझाउनेको हकमा प्रथम किस्ता बुझाई बाँकी दोश्रो र तेश्रो किस्ता रकमको हकमा सो किस्ता बराबरको २०८३ श्रावण मसान्तसम्म म्याद रहनेगरी यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको बैंक वा वित्तिय संस्थाले जारी गरेको बैंक कार्य सम्पादन जमानत पेश गरेपछि मात्र चलान पूर्जी दिइनेछ।

९. ठेक्काको अवधि आ.व. २०८२/०८३ (२०८३ साल आषाढ मसान्त) सम्मको लागि हुनेछ ।

१०. यस कार्यालयबाट विगत वर्षहरुमा लगाइएको ठेक्काको रकम बुझाउन बक्यौता रहेको व्यक्ति फर्म वा संस्था वा कम्पनीको बोलपत्र स्वीकृत हुने छैन ।

फोन नं : ०२३-५९७००२/०२३- ४६५५०२
इमेलः arjundharamun@gmail.com/ info@arjundharamu.gov.np
वेभसाइटः www.arjundharamun.gov.np

लोचन रिमाल
ख प्रशासकीय अधिकृत

११. प्रचलित कानून बमोजिम नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय तहलाई बुझाउनु पर्ने कर, दस्तुर बोलपत्रदाता स्वयमले व्यहोर्नु पर्नेछ ।

१२. बोलपत्रदाताले नगरपालिकाले तोकेको कर तोकिएको स्थानबाट तोकिएको दररेट अनुसार मात्र संकलन गर्नुपर्नेछ ।

१३. ठेक्का अवधिमा कुनै बाधा अड्चन आइपरेमा वा बोलपत्रदाता र कार्यालय बिच अस्पष्टता भएमा प्रचलित ऐन, कानुन तथा नियम र सम्झौताको शर्त तथा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

१४. यससँग सम्बन्धित अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

१५. बोलपत्रको अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै बेला सच्याउन बाधा पर्ने छैन। कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार अर्जुनधारा नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।

१६. यस ठेक्का सम्बन्धी विस्तृत जानकारीका लागि कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

तिलोचन रिमाल
(प्रमुख प्रशासकीय अधिकृत)

तिलोचन रिमाल
प्रमुख प्रशासकीय अधिकृत